# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ११ गते २०१० साल

## भाग ४

### कृषि तथा—पशुपालनमन्त्रालयको विज्ञप्ति

ट्र्याक्टर झिकाउनेबारेको मिति २०१० साल भाद्र १ गतेको संख्या २ को गजेटमा प्रकाशित भएकोमा यस परिषद्लाई मैरहेको खड्गनिशाना काटियो भनी कृषिपरिषद्ले लेखी पठाएकोले खड्गनिशाना हेर्दा खेती विषयको आधुनिक मालसामान ट्र्याक्टरहरुसमेत परलमोल, भाराभरौट बुझाउने गरी सरकारतर्फबाट झिकाइपाऊँ भन्न आएमा कृषिपरिषद्बाट झिकाई दिनू भन्ने २००६ साल माघ २१ गतेमा खड्गनिशाना सदर भएको देखिएकोले सो खड्गनिशानाबमोजिम खेती विषयको आधुनिक मालसामान, ट्र्याक्टरहरुसमेत परल मोलमा भारा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

भरौट बुझाउने गरी सरकारतर्फबाट झिकाई पाऊँ भनी भन्न आएमा कृषिपरिषद्मा पठाइदिनुहोला। अरुमा माथि लेखिएको २०१०।५।१ गते प्रकाशित भएको गजेटबमोजिम गर्नुहोला ।

आज्ञाले,
वासुदेव शर्मा
का. मु. सेक्रेटरी,—कृषि तथा—पशुपालनमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

८६